# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.सं.: २०७९/०८०
च.नं. :

## विषय विशेषज्ञ सूचीकृत हुन आवेदन पेस गर्ने सूचना !

**(प्रकाशन मिति : २०७९ चैत्र २४ गते)**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) अन्तर्गत सामुदायिक विद्यालयहरूमा रिक्त / रिक्त हुने स्वीकृत दरबन्दी, राहत, अनुदान, नगर शिक्षक कोटामा नियमानुसार करारमा शिक्षक नियुक्तिको लागि छनोट समितिमा रहेर काम गर्न विषय विशेषज्ञहरू सूचीकृत गर्नुपर्ने भएकोले योग्यता पुगेका सामुदायिक विद्यालयमा कार्यरत इच्छुक शिक्षकहरूले चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयअन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखामा आवश्यक कागजातसहित २०८० वैशाख ८ गते कार्यालय समयभित्र निवेदन पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### आधारभूत तह (कक्षा १ – ५ र ६-८) को लागि आवश्यक न्यूनतम योग्यता

१. शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण
२. सम्बन्धित तह / विषयको स्थायी शिक्षक भइ पाँच वर्षको स्थायी अनुभव।

### माध्यमिक तहको लागि आवश्यक न्यूनतम योग्यता

१. शिक्षा शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण
२. सम्बन्धित तह / विषयको स्थायी शिक्षक
३. सम्बन्धित विषयमा तीन वर्षको स्थायी अनुभव।

### संलग्न गर्नुपर्ने कागजातहरू

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
४. नियुक्ति पत्रको प्रतिलिपि।

पुनश्च :

१. माथिल्लो तहमा सूचिकृत हुने विशेषज्ञहरू तल्लो तहको लागि समेत विशेषज्ञ भई कायम गर्न चाहेमा निवेदनमा सो व्यहोरा खुलाइ उक्त तहका लागि तोकिएको दस्तुर समेत जम्मा गर्नु पर्नेछ।
२. आधारभूत तह कक्षा १-५ को लागि सूचीकृत हुने विशेषज्ञले शिक्षक सेवा आयोगले पाठ्यक्रम र विशिष्टीकरण तालिकाबमोजिम सबै विषयका प्रश्नहरू अङग्रेजी र नेपाली दुबै माध्यममा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्न सक्नुपर्नेछ।

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.सं.: २०७९/०८०
च.नं. :

३. शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित सम्बन्धित तहका तीन / तीन वटा नमुना प्रश्न सेट पेस गर्नुपर्नेछ ।

४. आधारभूत तहको कक्षा ६-८ र माध्यमिक तहको लागि विषयगत रुपमा सूचीकृत गरिनेछ ।

५. निवेदन साथ रु. १,५००। (एक हजार पाँच सय) सूचीकृत बापतको दस्तुर चौरजहारी नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैङ्क चौरजहारी शाखामा रहेको आन्तरिक राजश्व खाता ४३३०१००३०१०१०००२ मा जम्मा गरेको भौचर पेस गर्नुपर्नेछ ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत